संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - ४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल भदौ २७ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आइ विभिन्न किसिमका नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले जनताको सर्वोच्च जनप्रतिनिधिमूलक सभालाई मर्यादित र व्यवस्थित बनाउँदै वादविवाद र संवाद गर्दै सहमति र सहकार्यमा जानुपर्ने भएकोले सत्तापक्ष, प्रतिपक्ष एवं सम्पूर्ण मा० सदस्यहरूले बैठक सञ्चालनको लागि सहज वातावरण बनाउन आ-आफ्नो भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो । साथै मा० सदस्यहरूले बैठकमा नियमित रुपमा विरोध गर्दा अन्य मा० सदस्यको अधिकार संकुचित हुन जानेतर्फ समेत ध्यानाकर्षण गराउँछु । देशका विभिन्न समस्याहरू एवं जनजिविकाका पक्षहरूमा बोल्न चाहनु हुने सभाका सदस्यहरूले समेत आफ्ना भनाई राख्न अवरोध पुगीरहेको अवस्था छ । यी समस्याहरूमा यहाँहरूको ध्यानाकर्षण गराउँदै बैठक सञ्चालनका लागि आ-आफ्नो स्थानमा आशन ग्रहण गरी सहयोगका लागि अनुरोध समेत गर्दछु भन्नभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का मा० सदस्यहरूबाट निरन्तर नाराबाजीको क्रम जारी भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा १०५ ले अदालतमा विचाराधीन मुद्दाहरूको सम्बन्धमा न्याय निरुपणमा प्रतिकूल असर पार्ने विषयमाथि संघीय संसदको कुनै सदनमा छलफल गर्न बन्देज गरेको कुरा पुनः स्मरण गराउनु भयो । साथै मा० सदस्यहरूको माग बमोजिम संवैधानिक सर्वोच्चता र मर्यादा कायम गर्ने कुरामा आफु सहमत भएको समेत जानकारी गराउनुहुँदै प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरू हामी सबैले पालना गर्नुपर्छ भनी अनुरोध गर्नुहुँदा पनि नारा लगाउने क्रम नरोकिएपछि सम्माननीय सभामुखले बैठक १५ मिनेटको लागि स्थगित गर्नुभयो ।

तदुपरान्त बैठक आजै १५ मिनेट पछि बस्नेगरी दिनको १:४५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै १५ मिनेटको लागि स्थगित भएको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:४५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आइ विभिन्न किसिमका नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले संसदीय मर्यादा कायम गर्ने कुरा हामी सबैको दायित्व भएको र सभामुखले संविधान, नियम, कानुन बमोजिम पहलकदमी लिने कुरामा आफु प्रतिवद्ध रहेको छु भन्नुभयो । जनताको आवाजको प्रतिध्वनित गर्ने जनप्रतिनिधिहरूको सर्वोच्च थलोलाई गरिमामय बनाउन हामी सबैको दायित्व रहेको र संसदको मर्यादा कायम गर्न हामी सबै प्रतिवद्ध बनौं भन्नुहुँदै यसको नेतृत्वको भूमिका निर्वाह गर्न समेत आफु तयार रहेको छु भन्नुभयो । समन्वय, सहकार्य र समझदारी एवम् संवादद्वारा अन्तिममा हामीले निष्कर्षमा पुग्नैपर्ने भएकोले संवादको वातावरण बनाउन सबैले आफ्नो भूमिका निर्वाह गरी जनप्रतिनिधिमूलक संस्थालाई गरिमामय, जीवन्त र जनमुखी बनाउन न्यूनतम साझा समझदारी कायम गरी अगाडि बढ्न समेत आग्रह गर्नुहुँदा पनि नारा लगाउने क्रम नरोकिएपछि सम्माननीय सभामुखले बैठक भदौ २९ गते मंगलबार दिनको १:०० बजेसम्मको लागि स्थगित गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७८ साल भदौ २९ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी दिनको ३:०५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव